आज मिति २०७८/०१/२५ गते शनिबारका दिन जिल्ला सुरक्षा समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी बन्दना राईको अध्यक्षतामा कोभिड-१९ को संभावित संक्रमण रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धमा गठित District Covid-19 Crisis Management Centre (DCCMC) को भर्चुअल बैठक बसी देहायका प्रस्तावउपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

विशेष उपस्थिति:

माननीय यज्ञराज सुनुवार, प्रतिनिधि सभा सदस्य

माननीय अम्बिरबाबु गुरुङ, भौतिक पूर्वाधार तथा विकास मन्त्री, प्रदेश नं. १

माननीय मोहन खड्का, प्रदेश सभा सदस्य एवं अर्थ समिति सभापति, प्रदेश नं. १

प्रमुख श्री जय बहादुर श्रेष्ठ, जिल्ला समन्वय समितिको कार्यालय

उपस्थिति:

| सि.नं. | नामथर | पद | कार्यालय | जिम्मेवारी | उपस्थिति |
|---|---|---|---|---|---|
| १ | श्री बन्दना राई | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | अध्यक्ष | |
| २ | श्री विशाल सिंह | प्रमुख सेनानी | अरिदमन गण, नेपाली सेना | सदस्य | |
| ३ | श्री गोविन्द राज काफ्ले | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय | सदस्य | |
| ४ | श्री लाल बहादुर कार्की | स.प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म | सदस्य | |
| ५ | श्री सञ्जय मण्डल | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान, जिल्ला कार्यालय | सदस्य | |
| ६ | श्री रामेश्वर पोखरेल | प्र.प्र.अ. | सिद्धिचरण नगरपालिका कार्यालय | सदस्य | |
| ७ | श्री सनमाया रम्तेल | नि.जि.स.अ. | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य | |
| ८ | श्री भीम प्रसाद मिश्र | प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई | सदस्य | |
| ९ | श्री चुडामणी अर्याल | प्रमुख | कारागार कार्यालय | सदस्य | |
| १० | श्री सुमन तिवारी | प्रमुख | स्वास्थ्य कार्यालय | सदस्य | |
| ११ | श्री दिक्षान्त प्रसाई | प्रमुख | जिल्ला अस्पताल | सदस्य | |
| १२ | श्री यूवराज आचार्य | प्रमुख | सामुदायिक हस्पिटल (मिसन) | सदस्य | |
| १३ | श्री ज्ञानेन्द्र मास्के | अध्यक्ष | उद्योग वाणिज्य संघ, ओखलढुंगा | सदस्य | |
| १४ | श्री सुमन राजभण्डारी | सभापति | नेपाल रेडक्रस सोसाईटी शाखा कार्यालय | सदस्य | |
| १५ | श्री लाक्पा शेर्पा | अध्यक्ष | पत्रकार महासंघ, ओखलढुंगा | सदस्य | |
| १६ | श्री कुलशेखर अर्याल | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | सदस्य | |
| १७ | श्री मनिता कार्की | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | सदस्य | |

आमन्त्रित:

| नामथर | पद | कार्यालय | उपस्थिति |
|---|---|---|---|
| श्री मोहन कुमार श्रेष्ठ | प्रमूख | सिद्धिचरण नगरपालिका कार्यालय | |
| श्री बेद बहादुर रोका | अध्यक्ष | खिजिदेम्बा गाउँपालिका कार्यालय | |
| श्री नवराज के.सी. | अध्यक्ष | चम्पादेवी गाउँपालिका कार्यालय | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ओखलढुंगा

| नामथर | पद | कार्यालय | उपस्थिति |
|---|---|---|---|
| श्री निशान्त शर्मा वास्तोला | अध्यक्ष | चिशंखुगढी गाउँपालिका कार्यालय | |
| श्री मोतिराज राई | अध्यक्ष | मानेभञ्ज्याङ गाउँपालिका कार्यालय | |
| श्री मनिराज राई | अध्यक्ष | मोलुङ गाउँपालिका कार्यालय | |
| श्री गोविन्द पौडेल | अध्यक्ष | लिखु गाउँपालिका कार्यालय | |
| श्री रुद्र प्रसाद अधिकारी | अध्यक्ष | सुनकोशी गाउँपालिका कार्यालय | |
| श्री तिर्थ सुवेदी | प्रतिनिधि | नेकपा एमाले, ओखलढुङ्गा | |
| श्री नेत्र भट्टराई | प्रतिनिधि | नेकपा एमाले, ओखलढुङ्गा | |
| श्री प्रदिप सुनुवार | सभापति | नेपाली कांग्रेस, ओखलढुङ्गा | |
| श्री नेत्र बहादुर नेम्वाङ | अध्यक्ष | ज.स.पा. नेपाल, ओखलढुङ्गा | |
| श्री ज्ञानेन्द्र मास्के | अध्यक्ष | उद्योग वाणिज्य संघ, ओखलढुङ्गा | |
| श्री विनोद ताम्रकार | अध्यक्ष | निर्माण व्यवसायी महासंघ, ओखलढुङ्गा | |

निर्णय नं. १. कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमण यस जिल्लामा समेत तीव्र रुपमा बढ्दै गइरहेकोले ओखलढुङ्गा जिल्लाभर लागु हुने गरी मिति २०७८।१२६ गते रात्रि १२.०० बजेदेखि मिति २०७८।२।३ गते रात्रि १२.०० बजेसम्म निषेधाज्ञा जारी गर्ने ।

निर्णय नं. २. अन्य जिल्लाहरुबाट ओखलढुङ्गा प्रवेश गर्ने मुख्य नाकाहरु हर्कपुर (मानेभञ्ज्याङ गा.पा.) र साँघुटार (लिखु गा.पा.) मा सम्बन्धित संयन्त्र सहितको Help Desk स्थापना गर्ने । गन्तव्यको लागि तत् तत् स्थानीय तहहरुमा लेखी पठाउने ।

निर्णय नं. ३. सीमा नाकाहरुमा थप सुरक्षाकर्मीहरुको आवश्यकता महसुस भएमा सम्बन्धित स्थानीय तहको अनुरोधमा सुरक्षाकर्मीहरु परिचालन गर्न सकिने । तर त्यसको लागि आवश्यक logistic support सम्बन्धित स्थानीय तहले मिलाउने ।

[signature]

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ओखलढुङ्गा

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com

प्र.जि.अ.:- ०३७ - ५२०१३३
स.प्र.जि.अ.:- ०३७ - ५२०१३१
प्रशासन:- ०३७ - ५२०१३२
फ्याक्स:- ०३७ - ५२०१८२
हटलाईन- ०३७ - ५२०७३३

पत्र संख्या. २०७७/०७८
चलानी नं.-

मिति: २०७८/०१/२५

ओखलढुङ्गा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश ।

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमण ओखलढुङ्गा जिल्लामा पनि बढ्दै गईरहेकोले यसबाट जनस्वास्थ्यमा गम्भिर असर पर्नसक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रणमा थप सर्तकता अपनाई नागरिकको जीवनको सुरक्षा गर्न जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को मिति २०७८/०१/२५ को निर्णय, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०१/२६ गते आइतबार राती १२:०० बजेदेखि मिति २०७८/०२/०९ गते आइतबार राती १२:०० बजेसम्म जिल्लाभरी लागू हुनेगरी तपशिलमा उल्लेखित निषेधाज्ञा सम्बन्धी यो आदेश जारी गरिएको छ ।

तपशिलः

१. निषेध गरिएका सेवा तथा कार्यहरूः
- अन्य जिल्लाहरूबाट ओखलढुङ्गा जिल्लामा भित्रिने र बाहिरिने सबै यात्रुबाहक सवारी साधनहरू तथा जिल्लाभित्र चल्ने सबै सवारीसाधनहरू ।
- जिल्लाभित्रका क्याम्पस र विद्यालयहरू सञ्चालन, पठनपाठन र परिक्षा सञ्चालन गर्न ।
- सबै प्रकारका भेला, प्रशिक्षण, तालिम, गोष्ठी, पुजापाठ, मेला, महोत्सव, जात्रा, पर्व, खेलकुद लगायतका कार्यहरू ।
- साप्ताहिक रूपमा लाग्ने हाटबजारको हकमा जिल्ला प्रशासन कार्यालयको मिति २०७८ वैशाख १९ गतेको सूचनाबमोजिम हुने ।
- सरकारी निकाय, सार्वजनिक संस्थान र बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने अत्यावश्यकबाहेक दैनिक रुपमा प्रवाह हुने सबै प्रकारका सेवाहरू ।
- सबै प्रकारका होटेल र रेष्टुरेन्ट, पार्टी प्यालेस, चिया तथा खाजा पसल, हार्डवेयर लगायत व्यवसायहरू।

२. खुला गरिएका सवारी साधन र कार्यहरूः
- एम्बुलेन्स, दमकल, शववहान, ग्यास र पेट्रोलियम पदार्थ बोकेको सवारी साधनहरू, सुरक्षा निकायका सवारी साधनहरू, स्वास्थ्यकर्मी चढेका सवारी साधनहरू, औषधि तथा स्वास्थ्य सामग्री बोकेका सवारी साधनहरू, झण्डावाहक सवारी साधनहरू, कुटनीतिक नियोगको सवारी साधनहरू, कार्यालयको काममा प्रयोग हुने सरकारी सवारी साधनहरू, आधिकारीक प्रेस पास प्राप्त सवारी साधनहरू र फोहोरमैला व्यवस्थापनमा प्रयोग हुने सवारी साधनहरू।
- खाद्यान्न, तरकारी, फलफुल, दुधजन्य पदार्थ, मासुजन्य पदार्थ, पशुपन्छीको दाना र पानी बोकेको सवारी साधनहरू उद्योग वाणिज्य संघको सिफारिस पत्रको आधारमा ।
- खाद्यान्न मात्र, तरकारी, फलफुल, दुधजन्य पदार्थ, मासुजन्य पदार्थ विक्री वितरण गर्ने पसलहरू बिहान ७:०० बजेदेखि १०:०० बजेसम्म र बेलुका ५:०० बजेदेखि ७:०० बजेसम्म ।
- औषधि तथा स्वास्थ्य सामग्रीहरू विक्री वितरण गर्ने पसलहरू चौबीसै घण्टा खुला रहने।
- ग्यास डिपो र पेट्रोल पम्प।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ओखलढुङ्गा

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com

प्र.जि.अ.:- ०३७ - ५२०१३३
स.प्र.जि.अ.:- ०३७ - ५२०१३१
प्रशासन:- ०३७ - ५२०१३२
फ्याक्स:- ०३७ - ५२०१८२
हटलाईन- ०३७ - ५२०७३३

पत्र संख्या. २०७७/०७८
चलानी नं.-

- निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनको हकमा सम्वन्धित कार्यालय वा आयोजना वा स्थानीय तहको सिफारिसपत्रको आधारमा ढुवानी गर्न सकिने ।

३. प्रत्येक व्यक्ति, संस्था तथा समुदायले पालना गर्नुपर्ने सर्तहरूः
- अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्किने र हिँडडुल नगर्ने । अत्यावश्यक काममा घरबाहिर निस्कदा अनिवार्य रूपमा जनस्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको पालना गर्ने ।
- PCR परीक्षणका लागि प्रयोगशालामा स्वाव दिएपछि नतिजा नआएसम्म बाहिर भेटघाट र बैठक नगरी होम आइसोलेशनमा बस्ने।
- घर परिवार र समुदायमा कोभिड-१९ संग मिल्दोजुल्दो लक्षण देखिएका शंकास्पद विरामी भेटिएमा जिल्ला अस्पताल वा नजिकको प्रहरी चौकीमा खबर गर्ने ।
- विवाह र मृत्यु कर्मका लागि स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी बढीमा १५ जनासम्म उपस्थित हुने । यस्तो काममा प्रयोग हुने सवारी साधनलाई पास नचाहिने।

४. अन्यः
- जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गाबाट विभिन्न समयमा जारी भएका सूचना तथा आदेशको पालना गर्ने।
- अत्यावश्यक कार्यमा जिल्लाको प्रवेश नाकाहरूबाट यस जिल्ला प्रवेश गर्ने जिल्ला भित्रका नागरिकहरूलाई सम्वन्धित स्थानीय तह तथा वडाको क्वारेन्टिन तथा आइसोलेशन राख्ने सुनिश्चिततासहित सिफारिस भएकोमा बाहेक जिल्ला प्रवेश गर्न नदिने ।
- पत्रकारहरूले प्रेस काउन्सीलबाट जारी गरिएको परिचयपत्रको आधारमा समाचार संकलन तथा प्रसारण गर्ने।
- अत्यावश्यक सेवा प्रवाह गर्ने निकायका कर्मचारीहरूलाई कर्मचारी परिचयपत्रका आधारमा आवत-जावत गर्न दिईने ।
- अत्यावश्यक कामका लागि यात्रा गर्नुपर्दा आवश्यक कागजपत्र (जस्तै बिरामीको हकमाः अस्पतालका कागज वा अत्यावश्यक कार्य प्रमाणित हुने कागजपत्र) देखाई प्रहरी संग समन्वय गरी अनुमतीप्राप्त भएपश्चात मात्र यात्रा गर्ने ।

उल्लेखित आदेशहरूको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ । आदेशको उल्लंघन गरेमा स्थानीय प्रशासन ऐन २०२८, संक्रामक रोग ऐन २०२० तथा अन्य प्रचलित कानूनबमोजिम कारवाही हुने व्यहोरा जानकारी गराईन्छ ।

प्रमुख जिल्ला अधिकारी